# स्थानीय राजपत्र

खण्ड : ६, संख्या १, दि.सि.न.पा. डोटी, स्थानीय राजपत्र भाग १ मिति २०७९।०३।३१

## दिपायल सिलगढी नगरपालिका, डोटी


## दिपायल सिलगढी नगरपालिकाको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहनका लागि व्यवस्था गर्न वनेको ऐन, २०७९

नगरसभावाट स्वीकृती मिति : २०७९।०३।२७
प्रमाणिकरण मिति : २०७९।०३।२९

**प्रस्तावना :**

नेपालको संविधानको धारा २२६ र अनुसूचि ८ मा रहेको एकल अधिकारको सूची अन्तर्गतको स्थानीय सेवाको व्यवस्थापन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिमको स्थानीय तहका काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थाको कार्यान्वयन गर्न नेपालको संघीय कानून कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ मा भएको व्यवस्था, साविकमा प्रचलनमा रहेको कानून, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार स्थायी नियुक्ति पाई दिपायल सिलगढी नगरपालिकामा कार्यरत कर्मचारी र सोही सेवा समूहको समान पदमा समायोजन भई आएका कर्मचारीहरुको सेवा, सर्त र सुविधा सम्वन्धी ऐन निर्माण गरी स्थानीय सेवाको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले दिपायल सिलगढी नगरपालिकाको मिति २०७९/०३/२७ गतेको नगर सभाको निर्णय वमोजिम दिपायल सिलगढी नगरपालिकाको नगरसभावाट यो ऐन जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम"दिपायल सिलगढी नगरपालिकाको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहनका लागि व्यवस्था गर्न वनेको ऐन, २०७९" रहेको छ।

२. यो ऐन स्थानीय राजपत्रमा प्रकाशितभई सकेपछि ऐन सरह तुरुन्त प्रारम्भ हुनेछ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐन मा

(क) "संविधान"भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ख) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कर्मचारी समायोजन ऐन, २०७५ र दिपायल सिलगढी नगरपालिकाको स्थानीय सेवा व्यवस्थापन तथा प्रोत्साहनका लागि व्यवस्था गर्न वनेको ऐन, २०७९ लाई सम्झनु पर्दछ ।

(ग) “कर्मचारी”भन्नाले यस ऐनको प्रयोजनका लागि तत्काल प्रचलित कानून वमोजिम साविक स्थानीय निकायमा स्थायी नियुक्ती भई हाल दिपायल सिलगढी नगरपालिकामा स्थायी रुपमा कार्यरत र सोही सेवा समूहका समान पदमा समायोजन भई आएका कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) “स्थानीय तह”भन्नाले दिपायल सिलगढी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “सेवा सुविधा”भन्नाले प्रचलित कानून वमोजिम स्थायी कर्मचारीले प्राप्तगर्ने सम्पूर्ण सेवा सुविधालाई सम्झनु पर्दछ । सो शब्दले सेवानिवृत्त पश्चात प्राप्त गर्ने सेवा सुविधा समेतलाई जनाउने छ ।

(च) “न्यूनतम शैक्षिक योग्यता” भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धीत तह/पदका लागि निर्धारण गरेको न्यूतम शैक्षिक योग्यतालाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृलाई सम्झनु पर्दछ ।

४. संगठन तथा कर्मचारी दरवन्दी : (१) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरवन्दी दिपायल सिलगढी नगरपालिकाको नगर सभाले स्वीकृत गरे वमोजिम हुनेछ ।

(२) उपदफा(१)माजुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनको दफा ५ वमोजिमको वृत्ति विकास तथा प्रोत्साहन सम्वन्धी विशेष व्यवस्था वमोजिम कायम हुने दरवन्दी स्वतः सृजना भएको मानिने छ । यसरी सृजना भएको तह/दरबन्दिले नगरपालिकाको हाल कायम भएको दरबन्दिमा कुनै असर गर्ने छैन । सृजना भएको तह/ दरबन्दि रिक्त भएमा स्वतः खारेज हुनेछ । प्रदेश कानूनले यस सम्वन्धमा कानून वनाई लागु गरेमा यो कानून स्वतःखारेज हुनेछ ।

५. तह/स्तर वृद्धि तथा प्रोत्साहन सम्वन्धी विशेष व्यवस्था : (१) दफा (४) वमोजिमको संगठन संरचना र दरवन्दीमा स्थानीय तहका कर्मचारीहरुको एक पटकका लागि तह/स्तरवृद्धि तथा प्रोत्साहन सुविधा उपलब्ध गराईने छ । यस दफा वमोजिम तह/स्तर वृद्धि गर्दा कर्मचारी समायोजन ऐन, २०७५ ले तोकेको न्यूनतम शैक्षिक योग्यता, विशिष्टीकरण सेवा समूह र योग्यता प्रणालीको सिद्धान्त र कार्य सम्पादन मूल्यांकनलाई मुख्य आधार वनाईने छ ।

(२) उपनियम (१) वमोजिमतह/स्तरवृद्धि तथा प्रोत्साहन गर्दा सेवा अवधिलाई गणना गरी तह/स्तर वृद्धि तथा प्रोत्साहन दिनु पर्नेछ । समायोजन हुंदाका बखत उपदफा (४) बमोजिम तोकिएको सेवा अबधि र शैक्षिक योग्यता हांसिल गरेको हुनु पर्नेछ ।

माथि दफा ५ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उल्लेखित स्थायी कर्मचारीलाई एक तह प्रोत्साहन सुविधाको रुपमा वृद्धि गरिने छ । अन्य अर्थ लगाई एक तह भन्दा माथिको प्रोत्साहन सुविधा उपलब्ध हुने छैन ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात नगरकार्यपालिकाको कार्यालयले यस ऐन बमोजिम आबस्यक योग्यता तथा सेवा अबधि पुगेका कर्मचारीहरुबाट तह तथा स्तरबृद्धिका लागि आबेदन आह्वानका लागि ७ (सात) दिनको सूचना प्रकाशन गर्ने छ ।

(४) उपदफा (१) वमोजिमको तह/स्तर वृद्धि/वढुवा तथा प्रोत्साहन गर्दा देहायको मापदण्डको आधार माग गरिने छ ।

| हालको तह | मापदण्ड | कायमहुने तह/स्तर | थप प्रोत्साहन |
|---|---|---|---|
| श्रेणीविहिन | • पाँचौ स्तरमा कार्यरत रही पाँच वर्ष भन्दावढी सेवा अवधि भएको | पाँचौ स्तर | खाईपाई आएकोमा २ ग्रेड थप |
| | • पाँचवर्ष भन्दाकम सेवाअवधि | - | खाईपाई आएकोमा २ ग्रेड थप |
| | • पाँचवर्ष भन्दा वढी सेवा अवधि भएको प्रथम तह देखि चतुर्थ तह सम्मको कर्मचारी | एकतह वृद्धि | - |
| सहायकस्तर चौथो | • पाँचवर्ष भन्दाकम सेवा अवधि भएको | सहायकस्तर चौथो | खाईपाई आएकोमा २ ग्रेड थप |
| | • पाँच बर्ष भन्दा बढी सेवा अबधि भएको<br>• न्युनतम शैक्षिक योग्यता हाँसिल गरेको । | सहायकस्तर पाँचौ | - |
| सहायकस्तर पाँचौ | • पाँचवर्ष भन्दाकम सेवा अवधि भएको | सहायकस्तर पाँचौ | खाईपाई आएकोमा २ ग्रेड थप |
| | • पाँचवर्ष वा सो भन्दा बढी सेवा अबधि पुरा गरेको र राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहमा सेवा प्रबेश गर्दाको बखत तोकिएको न्युनतम् शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर छैठौं | - |
| अधिकृतस्तर छैठौं | • हाल अधिकृतस्तर छैठौंमा कार्यरत रही न्युनतम शैक्षिक योग्यता हासिल गरेको र सेवा अवधि पाँच वर्ष भन्दा कम रहेको | अधिकृतस्तर छैठौं | खाईपाई आएकोमा २ ग्रेड थप |
| | • हाल अधिकृत स्तर छैठौंमा कार्यरत रही पाँच वर्ष भन्दा वढी सेवा अवधि पुरा भएको<br>• न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर सातौं | - |

तर उल्लेखित व्यवस्थाको सम्वन्धमा संघीय सरकार वा प्रदेश सरकारले कानून वनाई लागु गरी यस व्यवस्था सँग वाझिएमा, वाझिएको खण्डमा वाँझिएको हदसम्म संघीय सरकार वा प्रदेश सरकारको कानून वमोजिम हुनेछ ।

६. कर्मचारीलाई वृत्ति विकास तथा प्रोत्साहन सुविधा उपलब्ध गराउँदा कायम हुने नयाँ तलवमान निजले खाईपाई आएको साविक तलवमान भन्दा कम हुने भएमा अपुग रकम वरावर ग्रेड थप गरी तलवमान कायम गरिने छ ।

७. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन वमोजिम उपलब्ध गराईएको ग्रेड अधिकतम ग्रेड भन्दा वढी हुने भएमा स्तरवृद्धीका लागि योग्यता नपुग भएका कर्मचारीको हकमा त्यसरी थप हुने भएको ग्रेड समेत दिईनेछ ।

८. ज्येष्ठता निर्धारणको आधार : (१) समायोजन हुंदा कार्यरत तहमा कायम भएको ज्येष्ठतालाई नै ज्येष्ठता निर्धारणको आधार मानिने छ ।

(२) साबिक स्थानीय निकायको स्विकृत दरबन्दिको कुनै पदमा एक बर्ष भन्दा बढी अबधी सम्म अस्थायी सेवा गरेको साबिक स्थानीय निकायको कुनै कर्मचारीले सो सेवालाई अबिछिन्न राखि सोही पदमा स्थायी नियुक्ति पाएको भए निजले गरेको सेवा अधिकृतस्तरमा भए ६६ प्रतिशत र सहायक स्तरमा भए ७५ प्रतिशत सेवा अबधी उपदान प्रयोजनका लागि गणना गरिने छ ।

९. समायोजनका लागि आवश्यक योग्यता पुगेका कर्मचारीहरुले निवेदन सहित आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

१०. यस स्थानीय तहमा समायोजन भई आएका साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुलाई यस कानून वमोजिमको प्रोत्साहन सुविधा लिन वाधा पर्ने छैन ।

११. प्रोत्साहन सेवा सुविधा लिने कर्मचारीको थप भएको रकम नगरपालिकाको आम्दानी श्रोतवाट खर्च लेखिने छ ।

१२. व्याख्या : यस ऐनको सम्बन्धमा नगरसभाले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

१३. यसै ऐन वमोजिम हुने : यस ऐनमा लेखिएको कुरा यसै ऐन वमोजिम हुनेछ । अन्यको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

**आज्ञाले**

**शंकर सुचिकार**

**नि. प्रमुख प्रशासकिय अधिकृत**